पुस्तक समिक्षा

# Nepal's Development Tragedy: Threats and Possibilities

**हरिप्रसाद लम्साल**
**सहसचिव, शिक्षा मन्त्रालय, सिंहदरवार**

समयको क्रमसँगै विश्व जगतमा विकासको परिभाषामा परिवर्तन आएको छ। सन् १९५० को दशकमा भौतिक पूर्वाधार विकासलाई विकास मान्ने प्रचलन थियो। १९८० को दशकपछि मानव संसाधन विकासलाई प्रमुख मान्न थालियो। विकासका यी मोडल र अवधारणामा धेरै अन्तरक्रियाहरू गरिए, धेरै लेखहरू लेखिए, धरै सिद्धान्तहरू प्रतिपादन गरिए। विकासको दुनियामा पश्चिमा शैली, एसियन टाइगरको शैली, उत्तर र दक्षिणको अवधारणा, आश्रित विकासको सिद्धान्त, केन्द्र र बाहिरी घेरा सम्बन्धी सिद्धान्त, वैकल्पिक विकास, मानव संसोधन विकास, मानवीय विकास आदि जस्ता अवधारणाहरू जन्मन पुगे। विकासका लागि राज्य नियन्त्रण, बजार निर्देशित र मिश्रित अवधारणाहरू प्रयोगमा ल्याइए र यिनका कुनै न कुनै रूप आजसम्म पनि प्रचलनमा छन्। यसरी विश्व जगतमा विकासका सिद्धान्त र विकास गर्ने मार्गहरूका बारेमा धेरै बहस भएका छन्। यिनका पक्षमा समर्थन र विपक्षमा आलोचना भएका छन्। विश्वजगतमा भएका यस किसिमका परिवर्तनबाट नेपाल अछुतो रहन सकेन। यिनका प्रभाव मुलुकका आवधिक योजना र तिनमा समावेश उपायहरूमा परिरहे। तर यसले नेपालको समग्र विकासमा के कति प्रभाव पार्न सक्यो त भन्ने बारेमा धेरै कम विश्लेषण भएको छ। नेपालको विकास, प्रयोगमा ल्याइएका सैद्धान्तिक अवधारणा र यिनबाट परेको प्रभावका बारेमा धेरै कम पुस्तकहरू लेखिएका छन। यिनै थोरै पुस्तकहरूको माझमा सन् २०१३ मा अर्को एक पुस्तक "Nepal's Development Tragedy: Threats and Possibilities" बजारमा थपिएको छ। प्रस्तुत लेखमा यहि पुस्तकमा समावेश विषय वस्तुका बारेमा पुनरावलोकन गर्ने प्रयास गरिएको छ।

"Nepal's Development Tragedy: Threats and Possibilities" भन्ने पुस्तकका लेखक प्रा. डा. विश्वम्भर प्याकुरेल हुनुहुन्छ। यस पुस्तकको प्रकाशन फाइन प्रिन्ट काठमाडौंले गरेको छ भने कपी राइट लेखक आफैंमा रहेको छ। पुस्तकमा जम्मा ७ ओटा भागहरू रहेका छन्। पुस्तकको सुरुमा सङ्क्षिप्त सारांश र अन्तमा सन्दर्भ सूची दिइएको छ। यी सबैसमेतलाई समावेश गर्दा पुस्तकमा मोटामोटी रूपमा नौं ओटा भागहरू छन् भन्न सकिन्छ। तर लेखकले नेपालको विकास इतिहासलाई जम्मा सात भागमा समावेश गर्ने प्रयास गर्नुभएको छ। पुस्तकमा विभिन्न तथ्याङ्कहरू पनि समावेश गरिएका छन। जसले पुस्तकको आकार बढ्न गएको छ। पुस्तक जम्माजम्मी रूपमा ३५० पेजको सेरोफेरोमा रहेको छ। लेखक आफै अर्थशास्त्रको क्षेत्रमा विषयगत दक्षता राख्ने थोरै नेपालीमध्ये एक भएकोले पुस्तकमा नेपालको विकास क्रमका बारेमा अर्थशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गरिएको छ। कतिपय अवस्थामा पुस्तक नेपालको विकासका बारेमा भन्दा पनि नेपालको अर्थ राजनीतिका बारेमा लेखिएको जस्तो लाग्छ। जे होस् पुस्तकमा प्रस्तुत विषय वस्तुहरूलाई गहन रूपमा विश्लेषण गरिएको छ। अर्को मुख्य पक्ष भनेको पुस्तकले राजनैतिक र आर्थिक घटना क्रमहरूलाई क्रमवद्ध रूपमा समावेश गरेको छ। लेखकको परिचयमा दिइएअनुसार उहाँसँग लगभग ३९ वर्ष त्रिभुवन विश्व विद्यालयको अर्थशास्त्र विषयमा काम गरेको अनुभव छ। यसको छनक पुस्तकमा अनुभव गर्न पाइन्छ किनकि कतिपय अवस्थामा यसले अनुभवहरूको सहायताले समावेश विषयवस्तुहरू मसिनो ढङ्गबाट केलाइएका छन्। लेखकका अनुभवहरूले पुस्तकमा राम्रै स्थान पाएको देखिन्छ। समग्रमा भन्नुपर्दा पुस्तकमा नेपालको विकास प्रयासमा हालसम्म गरिएका परीक्षणहरूका बारेमा विस्तृत विवरण समाविष्ट छन्।

पुँजी, नीति, सुशासन वा संस्थागत क्षमतामध्ये कुन पक्षको कारण नेपालको विकास प्रयासले गति

लिन नसकेको हो भन्ने प्रश्नबाट लेखकले लेखनको सुरुवात गर्नुभएको छ। राज्यले केमा लगानी गर्दा उपयुक्त लाभ लिन सक्छ र के कस्ता विषय वा क्षेत्रमा निजी क्षेत्रलाई समावेश गर्ने बहस पनि पुस्तकमा पाइन्छ। ठाँउ ठाँउमा तथ्याङ्कहरूले विषय वस्तुहरूलाई अझ सार्थक बनाएका छन्। लेखकले आफ्ना बिचारहरूलाई यिनै तथ्यगत विवरणसँग मिलाएर पाठकका सामु पस्कनु भएको छ। पुस्तक आफैँमा नेपालको आर्थिक एवम् विकासका बारेमा एक इतिहासका रूपमा रहेको छ भन्नुमा त्यति असान्दर्भिक नहोला। पुस्तक पठनीय नै छ।

पुस्तकमा नेपालले राणा शासनकालदेखि हालसम्म विकासका नाममा विभिन्न परीक्षणहरू गरेको भए तापनि आर्थिक स्थायित्व नभएको र आर्थिक असमानता पनि घट्न नसकेको निचोडमा लेखक पुगेको देखिन्छ। राष्ट्रिय मुद्दाहरूमा नेपालका राजनीतिक दलहरूको साझा सहमति बन्न नसकेको धारणा लेखकको छ। दलका घोषणापत्रमा उठाइए बमोजिमका आर्थिक विषयहरू सरकारमा पुगेपछि कार्यान्वयनमा ल्याउने हो भने साझा धारणा तय हुन सक्ने सम्भावना लेखकले व्यक्त गर्नुभएको छ। मुलुकको विकासका आवश्यक पर्ने नीतिहरू समेत सुझावका रूपमा प्रस्तुत गरिएका छन्। यस किसिमका सुझावहरू कुनै भागमा सुझाव उपशीर्षकअन्तर्गत नै दिइएको भने कुनैमा मूल विषयवस्तुसँग वा सारांशसँग समावेश गरेर सुझावहरू दिइएका छन्। पुस्तकमा विविधता देखिन्छ, यो आफैँ नमुना हो वा सुधार गर्नु पर्ने विषय हो छुट्याउने जिम्मा पाठकमा नै रहेको छ।

पुस्तकको पहिलो भागमा नेपालको राजनीतिक आर्थिक पक्षका बारेमा पुनरावलोकन गरिएको छ। यसमा मुख्य गरेर विकास सम्बन्धी हालसम्म परीक्षणमा ल्याइएका प्रयासहरूको चर्चा गरिएको छ। घटनाहरूलाई एकपछि अर्को गर्दै प्रस्तुत गरिएको छ। राणाकाल एवम् राजादेखि विभिन्न पार्टीका सरकारहरूले लिएका आर्थिक र विकास सम्बन्धी नीतिहरूको विवरण उल्लेख गरिएको छ। लेखकका अनुसार राणाकाल (सन् १८४६ देखि सन् १९५०) मा मुलुकका आर्थिक गतिविधिहरू नितान्त परिवारको स्वार्थसँग जोडिएका थिए, परिवारको फाइदाका लागि केन्द्रीकृत ढङ्गबाट कार्यहरू सञ्चालन भएका थिए, आम नागरिकको उत्थान र विकासका लागि खासै उल्लेखनीय कार्यहरू उक्त समयमा हुन सकेनन्। सन् १९५० देखि १९६० को समयलाई लेखेकले विकासका केही गतिविधिहरू सञ्चालन गर्ने प्रयास गरिएको कालका रूपमा उल्लेख गर्नुभएको छ। तर यस किसिमका आर्थिक गतिविधिहरू भारतसँग मात्र रहेको विवरण लेखकले समावेश गर्नुभएको छ। सन् १९५९ मा नेपाली काङ्ग्रेसको सरकारले लिएका आर्थिक नीतिहरू तुलनात्मक रूपमा ठीक भएको ठम्याइ लेखकको छ। यसले प्रजातान्त्रिक समाजवादको अवधारणाअनुरूप समुदायको सक्रियतामा गरिबी घटाउने र समावेशी विकास गर्ने अभिप्रायअनुरूप विकासका कार्य सन्चालन गर्न खोजेको थियो। राजाहरूको शासन कालमा केही गर्न खोजिएको थियो। तर पनि आर्थिक विकासले गति लिन नसकेको विवरण रहेको छ। लेखकको बुझाइमा पनि यसकालमा खासै उल्लेख्य उपलब्धि हासिल हुने नसकेको भन्ने रहेको छ। सन् १९६० देखि सन् १९७१ सम्म राजा महेन्द्रबाट भूमि सुधार, यातायात र सञ्चारमा सुधार गर्ने नीति लिएको देखिन्छ। यसैगरी सन् १९७१ देखि सन् १९९० सम्मको राजा विरेन्द्रको शासन कालमा गरिबी निवारण, आधारभूत आवश्यकताको परिपूर्ति, कृषिमा जोड जस्ता विषयहरू आवधिक योजनामा समावेश गरिएका थिए। संस्थागत क्षमता, कार्यान्वयन संयन्त्रमा रहेका कमजोरी र चुस्त अनुगमनको अभावमा यी सुधारका कार्यबाट अपेक्षित प्रतिफल हासिल गर्न सकिएन। सन् १९९० देखि सन् २००७ को अवधिलाई लेखकले विकासमा नयाँ प्रयोग मानेको देखिन्छ जुन अवधिमा मुलुकले विश्वव्यापीकरणका मुलभूत मान्यताबमोजिम आर्थिक उदारीकरणमा जोड दिएको देखिन्छ। लेखकका अनुसार यस अवधिमा गरिबी घटाउने, समावेशी विकास गर्ने, सन्तुलित विकास गर्ने जस्ता विषयहरू प्राथमिकतामा परेका थिए भन्ने रहेको छ। लेखकले सन् २००८ पछिको अवधिलाई राजनीतिक सङ्क्रमणकालका रूपमा लिई आर्थिक क्षेत्रमा उल्लेखनिय प्रगति नभएको समयका रूपमा लिएको देखिन्छ। राणा शासनकालदेखि हालसम्म नेपालको विकासमा धेरै परीक्षणहरू भएका भए तापनि

आर्थिक उपलब्धि र विकासका दृष्टिकोणबाट हेर्दा ती प्रयासहरू उपलब्धिमूलक नरहेको अनुभव प्रस्तुत लेखको अध्ययनबाट हुन्छ । स्रोतको प्रयोग परीक्षणमा केन्द्रित रह्यो । जनताको जीवन स्तरमा खासै सुधार आएन । धनी र गरिब बिचको अन्तर घटेन ।

पुस्तकको दोस्रो भागमा नेपालको कृषि क्षेत्रका समस्याहरू, अवसरहरू र विकल्पहरूका बारेमा चर्चा गरिएको छ । मुलुकको आर्थिक विकास कृषि क्षेत्रमा सुधारका लागि लिइएका नीतिहरू र कृषि क्षेत्रको सुधारसँग अन्तरसम्बन्धित हुन्छ । आमरूपमा रहेको गरिबीको सम्बोधन यही कृषि क्षेत्रको विकासबाट मात्र सम्भव छ । मुलुकलाई कृषि प्रधान देश भनिन्छ तर पनि आजसम्म नेपाल खाद्य अभाव वा नपुग हुने मुलुकको रूपमा रहनुमा विगतमा लिइएका नीतिहरूका कारण नै हुन भन्ने निष्कर्ष यस पाठबाट बनाउन सकिन्छ । कृषि क्षेत्रको विकास हुन नसक्नुमा कृषिमा अनुदान प्रदान गर्न नसकिनु, प्रविधिको प्रयोगमा कमी रहनु, भूमि उपयोगमा उपयुक्त नीति अवलम्बन गर्न नसकिनु आदि जस्ता पक्षहरू जिम्मेवार रहेका छन् भन्ने निष्कर्षमा लेखक पुग्नु भएको देखिन्छ । कृषिलाई व्यावसायिक र विविधिकरण गर्न नसक्नु र यसलाई जीवन निर्वाहको माध्यमका रूपमा मात्र प्रयोग गरिने परिपाटीले पनि यस अवस्था सिर्जना भएको हुन सक्छ । कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा रहेको योगदान, मुलुकमा खाद्य पदार्थ उत्पादनको अवस्था एवम् मुलुकले कृषि क्षेत्रमा विभिन्न समयमा हासिल गरेका उपलब्धिहरू पनि यस भागमा समावेश गरिएका छन् । अन्य विषयवस्तुहरूमा मुलुकको भौगोलिक बनावट र कृषि क्षेत्रका लागि उपयुक्त भूमिको अवस्थाका बारेमा उपयोगी विवरणहरू समावेश छन् । लेखकका अनुसार कृषि क्षेत्रमा रहेका समस्याहरूमा संरचनात्मक गरिबी, मल र बिउ बिजनको उपलब्धता समयमा हुन नसक्नु, प्रविधिको प्रयोग आवश्यक मात्रामा हुन नसक्नु, सिँचाइको अभाव, उत्पादित वस्तुलाई बजारको उपलब्धतामा सहजता नहुनु र बजारीकरण गर्न नसकिनु, कृषि क्षेत्रको संरचनामा परिवर्तन गर्न नसकिनु र पूर्वाधार विकास गर्न नसकिनु, संस्थागत क्षमता विकास गर्न नसकिनु आदि रहेका छन् । कृषिमा आधुनिकीकरणले गरिबी घटाउने, आर्थिक स्थिरता कायम गर्ने आदि भन्ने गरिए तापनि भूमिमा कसको के कति मात्रामा स्वामित्व छ र यसले के कतिमात्रामा प्रभाव पार्दछ भन्ने विषयका बारेमा पुस्तक मौन जस्तै देखिन्छ । तापनि यसको अध्ययनपश्चात मुलुक विकासका लागि कृषिमा प्राथमिकता दिनुपर्ने धारणा अझ बलियो बनाउन सहयोग पुग्ने देखिन्छ ।

पुस्तकको तेस्रो भागको शीर्षक “नेपालमा खाद्य सुरक्षा : किन, कसका लागि र कसरी ?” रहेको छ । नेपालमा खाद्य असुरक्षा बढ्नुका मुख्य कारणहरूमा राजनैतिक अस्थिरता, प्राकृतिक प्रकोप, खडेरी, बढ्दो मूल्य आदिलाई लिइएको छ । यसबाट भोकमरीमा वृद्धि हुनुका साथै कुपोषण आउने सम्भावना पनि उत्तिकै मात्रामा रहेको छ । खाद्य सुरक्षाका लागि खाद्य पदार्थको उपलब्धता, खाद्यमा आम नागरिकको पहुँच र त्यसको प्रयोगको सुनिश्चितता जस्ता तिन ओटा आधारभूत पक्षमा जोड दिनुपर्ने राय लेखकको रहेको छ । लेखकले यस भागमा खाद्य सुरक्षालाई परिभाषित गर्नु भएको छ । खाद्य सुरक्षाका सम्बन्धमा विभिन्न अध्ययन अनुसन्धानका विवरणहरू पाठकहरूसामु पस्कनुभएको छ । खाद्य पदार्थको अभावमा मूल्यवृद्धि हुने र सो को प्रत्यक्ष असर न्यून आय भएका समूहमा पर्ने निश्चित छ । तसर्थ खाद्य पदार्थको सुरक्षा सुशासनसँग पनि जोडिएको विषयको रूपमा आएको देखिन्छ । यस भागमा खाद्य आपूर्तिको अवस्था, उपभोगका लागि मागको अवस्था, नागरिकको आय अवस्था, खाद्य पदार्थको मूल्यमा आउने उतार चढाव, उत्पादनको अवस्था र यससँग जोडिएका चूनौतीहरूका बारेमा विभिन्न तथ्यसहित चर्चा गरिएको छ । यी चुनौतीहरूका बारेमा समयमै ध्यान पुऱ्याउन नसकिएमा वातावरणमा आएको परिवर्तनले खाद्य सुरक्षामा अझ नकारात्मक प्रभाव पार्न सक्ने मत लेखकको रहेको छ । पुस्तकको भाग एकमा निष्कर्ष एवम् भाग दुईमा सारांश र निष्कर्ष दुवै उल्लेख गरिएकोमा भाग तिनमा आएर निष्कर्ष र सुझाव छुट्टाछुट्टै रूपमा उल्लेख भएको छ । उक्त सुझावहरूबाट नीति निर्माताहरूले आवश्यक पाठ सिक्न सक्ने सम्भावना रहेको छ ।

पुस्तकको चौथो भाग मुलतः बेरोजगारीमा केन्द्रित रहेको छ। यस भागमा बेरोजगारी, यसका कारक तत्त्वहरू, अवरोधकहरू र नीतिगत विकल्पहरूलाई केलाउने प्रयास भएको छ। मुलुकको आर्थिक वृद्धिदरमा उल्लेख्य मात्रामा सुधार नआएकाले ग्रामीण क्षेत्रबाट आन्तरिक रूपमा सहरमा बसाइ सर्नेहरूलाई बजारले काम दिन सकेको छैन। श्रमबजार व्यवस्थित छैन। सहरी क्षेत्रको विकास योजनाबद्ध ढङ्गबाट हुन नसकेको हुनाले सीमित स्रोतको प्रयोगमा अझ चुनौती थपिएको छ। सरकारले आर्थिक क्षेत्रको सुदृढीकरणका लागि नयाँ नयाँ परीक्षणहरू गरेको भए तापनि आर्थिक स्थिरता कायम हुन सकेको देखिएन। बृहत आर्थिक नीतिहरूमा सुधार भएको पाइएन। लेखकले यस भागमा दक्षिण एसिया क्षेत्रमा रहेको बेरोजगारीको अवस्थाको बारेमा पनि तथ्यगत विवरणहरू प्रस्तुत गर्नुभएको छ। यस विवरणलाई विश्व बजारसँग पनि तुलना गरिएको छ। नेपालमा बेरोजगार र निष्क्रिय जनसङ्ख्याको अवस्था झल्काउनका लागि नेपाल जीवन स्तर मापन सर्वेक्षणको विवरण उल्लेख गरिएको छ। तथ्याङ्कले देखाएअनुसार सन् १९९५ को तुलनामा सन् २०११ मा नेपालमा बेरोजगार र निष्क्रिय जनसङ्ख्याको मात्रा घटेको छ। लेखकले यी विवरणहरू मुलुकको विकास र भौगोलिक क्षेत्रगतरूपमा उल्लेख गर्नुभएको छ जसबाट मुलुकको कुन क्षेत्रको अवस्था कस्तो रहेछ भनेर पहिचान गर्न सकिन्छ। यसबाट नीति निर्माणकताहरूले पनि पाठ सिक्नुपर्ने देखिन्छ। यस भागको अर्को महत्त्वपूर्ण पक्ष बैदेशिक श्रम बजार र यसबाट आर्जन गरिएको रेमिटेन्सको चर्चा हो। बिदेशमा उपलब्ध श्रम बजारबाट हाल राम्रै बैदेशिक मुद्रा आर्जन भएको देखिए तापनि यसबाट मुलुकको आर्थिक स्थिरता र सामाजिक साँस्कृतिक पाटोमा के कस्तो प्रभाव परेको छ भन्ने बारेमा शायदै अध्ययन र अनुसन्धान भएका होलान, यसमा लेखक पनि मौन रहेको देखिन्छ। लेखकका अनुसार मुलुकमा वेरोजगारी बढाउनमा न्यून आर्थिक वृद्धिदर, न्यून श्रम उत्पादन, सिपयुक्त श्रमिकहरूको अभाव, कमजोर सामाजिक सुरक्षा, अवैज्ञानिक शिक्षा आदि जिम्मेवार रहेका छन्। लेखकले यी सबै पक्षहरूमा उदाहरण र तथ्यसहित प्रस्तुत गरेर लेखलाई अझ बढी सान्दर्भिक बनाउने प्रयास गर्नु भएको छ। साथै यस भागमा चर्चा गरिएका अन्य विषयहरूमा अर्ध बेरोजगारी र यसको अवस्था, अनौपचारिक क्षेत्रको दायरा, उत्पादनशीलतामा जोड दिन नसकिनु आदि रहेका छन्। पुस्तकले अनौपचारिक क्षेत्र ठुलो छ यसलाई व्यवस्थित हुन सकेको छैन भन्ने बारेमा पनि बहस गरेको छ। यस भागको अन्तमा निष्कर्ष र नीतिगत चिन्तनका लागि भनेर केही सुझावहरू उल्लेख गरिएका छन्।

पुस्तकको पाँचौं भागमा पूर्वाधार शीर्षकअन्तर्गत आर्थिक वृद्धि र विकासका लागि पूर्वाधारको विकासले खेल्न सक्ने भूमिका र यसको महत्त्वका बारेमा विश्लेषण गरिएको छ। पूर्वाधार विकासबाट आर्थिक वृद्धिदरमा पर्ने सकारात्मक प्रभावका सम्बन्धमा धेरै विद्वानहरूले आफ्नो मत उल्लेख गरिसकेका छन्। लेखकका अनुसार पूर्वाधार विकासमा हुने वृद्धिको सोझो र सकारात्मक असर कुल गाहर्स्थ उत्पादनको वृद्धिदरमा पर्दछ। विकासको पूर्व शर्तका रूपमा यातायात र सञ्चार क्षेत्रको विकासलाई लिने गरेको पनि पाइन्छ। त्यसैगरी ऊर्जा र बिद्युतलाई पनि लिन सकिन्छ। लेखकले यस क्रममा विभिन्न विकसित मुलुकहरूका उदाहरणहरू पनि उल्लेख गर्नु भएको छ। पूर्वाधारको विकासबाट गरिबी घटाउन सहयोग पुग्छ भन्ने मत लेखकमा रहेको महसुस हुन्छ यस भागको अध्ययनपश्चात। यस भनाइलाई सहयोग पुऱ्याउनका लागि विभिन्न पुष्ट्याइँहरू पनि प्रस्तुत गरिएका छन्। विभिन्न अध्ययन अनुसन्धानका उदाहरणहरू पनि प्रस्तुत गरिएका छन्। यस भागमा लेखकले नेपालको पूर्वाधार क्षेत्रको विकासको अवस्थालाई तथ्यगतरूपमा चिरफार गर्नुभएको छ। पूर्वाधार खास गरी सडक र यातायात एवम् ऊर्जामा राम्रैसँग विश्लेषण भएको देखिन्छ। ऊर्जाको क्षेत्रमा सन् २०२७/२०२८ सम्मको माग कस्तो हुन्छ भनेर अनुमान पनि उल्लेख गरिएको छ जुन हालको अवस्थामा ८.४ प्रतिशतका दरले वृद्धि हुने अनुमानमा आधारित छ। यस भागको अन्तमा नेपालमा पूर्वाधारको विकासमा रहेका चुनौतीहरूको सविस्तार व्याख्या गरिएको छ। लेखकले यस खण्डमा सञ्चार क्षेत्र, दुर सञ्चार क्षेत्र, निजी क्षेत्रको सङ्लग्नता आदिका सम्बन्धमा रहेका चुनौतीहरू र नीतिगत सम्भावनाहरूका बारेमा

विश्लेषणात्मक प्रस्तुती गर्नुभएको छ । अन्तमा आर्थिक वृद्धिको धेरै स्रोतहरू हुन सक्ने भएकाले यी कारक तत्त्वहरूको बारेमा खोजी गर्नु आवश्यक छ भन्ने सन्दर्भमा चर्चा गरिएको छ ।

पुस्तकको छैठौं भागमा नेपालमा राज्यको पुनर्संरचना र आर्थिक सङ्घीयताः आर्थिक रूपमा सक्षमताको खोजी भन्ने आशयमा विषयवस्तुहरू प्रस्तुत गरिएका छन् । यसमा विभिन्न राजनैतिक दलहरूले पेस गरेको सङ्घीयताको खाकालाई आधार मानेर तिनीहरूको आर्थिक पक्षका बारेमा अवस्था प्रस्तुत गर्ने र विश्लेषण गर्ने प्रयास गरिएको छ । सङ्घ निर्माणका आधारमा आर्थिक अवस्थालाई प्रमुख रूपमा लिनुपर्दछ भन्ने आभास प्रस्तुत लेख अध्ययनपछि प्राप्त हुन्छ । तापनि लेखमा कतिपय राजनैतिक विषय वस्तुहरूलाई समावेश गरिएको छ, जुन नगरेको भए पनि हुन्थ्यो जस्तो लाग्छ ।  सङ्घियतामा राजस्वका प्रमुख आधार स्थानीय तहमा सङ्कलन हुने राजस्व र केन्द्रबाट प्राप्त हुने अनुदानलाई लिनुपर्ने भएकाले यसको आकार र मात्रामा ध्यान दिनु आवश्यक हुन्छ भन्ने मत लेखकको रहेको छ । यसलाई थप विश्लेषण गर्ने क्रममा लेखकले नेपालमा चालु र पुँजीगत खर्चको अवस्था (विगतदेखि वर्तमानसम्म), राजस्वको अवस्था, सामाजिक सुरक्षा नीति र आर्थिक नीतिको अन्तरसम्बन्ध आदिका बारेमा तथ्यगत विवरणहरू समावेश गर्नुभएको छ । शिक्षा र स्वास्थ्यमा अवलम्वन गरिएका वित्त ढाँचा र यससँग जोडिएका मुद्दाहरूलाई पनि विश्लेषणमा समावेश गरिएका छन् । वित्त अवस्थाको विश्लेषण गर्नका लागि हिमाल, पहाड, तराइ र राजनीतिक एकाइ (गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति) आदिलाई आधारका रूपमा लिइएको छ । प्रस्तावका रूपमा तिन तहका सरकार र तिनीहरूबाट व्यवस्थापन हुन सक्ने र गर्नुपर्ने राजस्वका शीर्षकहरू समेत उल्लेख गरिएका छन् । यसैगरी केन्द्रीय सरकारबाट तल्लो तहका सरकारमा जाने अनुदानका बारेमा पनि उल्लेख भएको छ जसले समतलीय असन्तुलन न्यूनीकरण गर्न सहयोग गर्दछ । लेखको अन्तमा सङ्घ निर्माणका क्रममा आर्थिक र वित्तिय पक्षका बारेमा संवेदनशील हुनेपर्ने सुझावसहितको निष्कर्ष समावेश छ । लेखकको यो बहस मूलतः संविधान सभाले प्रस्ताव गरेका सङ्घीय एकाइहरूलाई आधार मानेर गर्नु भएको छ ।

पुस्तकको सातौं तथा अन्तिम भागमा समावेशी वृद्धि र यसमा नेपाली दृष्टिकोण सन्दर्भमा तथ्यगत विवरणहरू समावेश गरिएका छन् । नेपालको उन्नती एवम् प्रगतिका लागि समाबेशी वृद्धि आवश्यक छ भन्ने पाठ यसबाट सिक्न सकिन्छ जुन महत्त्वपूर्ण मात्र नभएर अति आवश्यक पनि हो । यसको विश्लेषण गर्ने क्रममा लेखकले सर्वप्रथम समावेशी वृद्धिलाई परिभाषित गर्नुभएको छ जहाँ ब्चयबम दबकभम नचयधतज, कजबचभम नचयधतज, उचय-उययच नचयधतज जस्ता शब्दावलीहरू प्रयोग गरिएका छन् । आर्थिक विकासका क्रियाकलापमा सहभागी हुन पाउने र त्यसबाट लाभ पनि पाउन सक्ने अवस्थालाई समावेशी वृद्धिसँग जोडेर हेर्ने प्रयास गरिएको छ । यो यस प्रकारको प्रणाली हो जहाँ सहभागिता र लाभको सुनिश्चितता हुन्छ । तर यस परिभाषालाई निरपेक्ष मान्न नसकिने तर्क लेखकको रहेको छ । यस क्रममा दुई ओटा बिचारहरूलाई लेखकले प्रमुख रूपमा उठाउनुभएको छ । पहिलो बिचारका रूपमा वृद्धि र मानव विकासको अन्तरसम्बन्धलाई उठाइएको छ । वृद्धि मानवीय विकासको पूर्व शर्तका रूपमा रहेको हुन्छ भन्ने मत यी पक्षधरहरूको रहेको छ । दोस्रो बिचारमा समावेशी वृद्धिका लागि वृद्धि आवश्यक छ तर यसबाट मात्र सम्भव नहुन सक्छ । यसका लागि वृद्धि, समन्यायिकता र विकास सँगसँगै लैजानुपर्ने हुन्छ । यस भागमा समावेशी वृद्धिसँग सम्बन्धित चुनौतीहरूलाई सविस्तार चर्चा गरिएको छ । यस क्रममा विकास क्रममा अवलम्बन गरिएका विभिन्न आर्थिक नीतिहरू, आवधिक योजना, मध्यकालीन खर्च संरचना ढाँचा, बजेटको ढाँचा आदिका बारेमा विश्लेषण गरिएको छ । समावेशी वृद्धि नहुनुका पछाडि गरिबी, राजनैतिक अस्थिरता, वित्तिय सङ्कट, सामाजिक सांस्कृतिक असमानता, दीर्घकालीन सोचको अभाव, भौगोलिक विकटता, विपन्नता आदिलाई प्रमुख रूपमा उल्लेख गरी व्याख्या गरिएको छ ।

पुस्तकको अन्तमा विभिन्न तालिकाहरू रहेका छन् जसलाई अनुसूचीमा दिइएको छ । थप अध्ययन

एवम् विश्लेषण गर्न चाहनेका लागि यी तालिकाहरूमा समावेश तथ्याङ्क निकै उपयोगी हुने देखिन्छ। पुस्तकमा जम्मा जम्मी आठ ओटा अनूसूचीहरू छन् तापनि यिनीहरूले धेरै सूचनाहरू समावेश गरेका छन्। अन्तमा सन्दर्भ सामग्रीहरूको सूची उल्लेख गरिएको छ।

माथि उल्लेख गरिएअनुसार पुस्तकले नेपालका विकास प्रयासहरूलाई सरसरती रूपमा प्रस्तुत गरेको छ। राणा शासनकालदेखि हालसम्मका मुख्य मुख्य प्रयासहरू यसमा समेटिएकाले नेपालको विकास सम्बन्धी अध्ययन गर्न चाहनेका लागि यो पुस्तक उपयोगी दस्तावेश हुने देखिन्छ। लेखकको यस क्षेत्रमा मनग्य अनुभव भएकाले आर्थिक पक्ष एवम् अन्य विकाससँग सम्बन्धित पक्षहरूको तथ्याङ्क चार्ट आदिले पुस्तकलाई थप उपयोगी बनाएको छ। अध्ययनको क्रममा पुस्तक नेपालको विकास सम्बन्धी इतिहास जस्तो पनि लाग्छ। विषयवस्तुहरू दोहोरिए जस्तो लागे पनि पुस्तक विकास प्रशासनमा चाख राख्नेहरूका लागि उपयोगी हुने देखिन्छ। ज्बचम ऋयखभच घ्ष्लमष्लन मा उपलब्ध पुस्तकको लेआउट र कागजको गुणस्तर ठिकै छ तर यसमा पुस्तकको मूल्यसमेत उल्लेख गरिदिएको भए राम्रै हुन्थ्यो।

नेपालजस्तो अल्पविकसित मुलुकको आर्थिक विकासका लागि राज्य संयन्त्रको सुदृढीकरण अति आवश्यक छ। यसको साथमा निजी क्षेत्रको विकासमा पनि राज्यले ध्यान दिनु आवश्यक देखिन्छ। आर्थिक वृद्धिदरमा सहयोग गर्न कृषि र पर्यटनमा आधारित ससाना पुँजीमा आधारित उद्धोग स्थापना गर्न सकेमा यसबाट ग्रामीण क्षेत्रमा बसोबास गर्ने अधिकांश कृषकहरूको जीवन स्तरमा प्रत्यक्ष सहयोग पुग्न सक्ने हुन्छ। यसका साथै मुलुकका लागि आवश्यक जनशक्ति विकास गर्नका लागि शिक्षा र आधारभूत स्वास्थ्यमा लगानी बढाउनुपर्ने देखिन्छ। सिपयुक्त शिक्षाको खाँचो छ। राज्यले पूर्वाधार विकास र उत्पादनका क्षेत्रमा र निजी क्षेत्रले उत्पादन र वितरणका क्षेत्रमा लगानी केन्द्रित गर्न सकेमा गरिबले राहत पाउन सक्ने देखिन्छ। गरिबमुखी विकासका लागि राज्यको लगानी र सामाजिक सुरक्षामा ध्यान दिनु आवश्यक छ। यस पुस्तकको अध्ययनपश्चात माथिका सन्दर्भहरूलाई थप केलाउन मन लाग्न पनि सक्छ।

**सन्दर्भ सामग्री**

Pyakuryal, B. (2013). *Nepal's Development Tragedy: Threats and Possibilities.* Kathmandu: Fine Print.